नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संगठन विकास शाखा

पत्र सख्या : २०८१/०८२
चलानी नं. : १८०

मितिः २०८२/०३/१७
नेपाल संवतः ११४५

विषयः- **अस्थायी दरवन्दी सम्बन्धमा।**

श्री अस्थायी आयोजना रहेका मन्त्रालय तथा निकायहरु (सबै),

तहाँ मन्त्रालय र अन्तर्गत संचालन हुने आयोजना/परियोजनामा आ.व. २०८२/८३ को लागि आवश्यक पर्ने अस्थायी दरवन्दी सिर्जना गर्ने सम्वन्धमा **"अस्थायी संगठन संरचना दरबन्दी सिर्जना र जनशक्ति व्यवस्थापन निर्देशिका,२०६४"** को व्यवस्था बमोजिम यसै आर्थिक बर्षको असार मसान्तसम्म अनिवार्य रुपमा स्वीकृत गराउनु पर्ने भएकोले देहायका बुँदाहरु समेत समेटिने गरी प्रक्रिया अगाडी बढाउन हुन यस मन्त्रालयको मिति २०८२/०३/१५ को निर्णय (सचिवस्तर) अनुसार अनुरोध छ।

१. विकास आयोजनाको स्वीकृत वार्षिक लक्ष्य, कार्यक्रम तथा बजेट समेतलाई ध्यान दिई गर्नुपर्ने प्रत्येक क्रियाकलापको आधारमा आवश्यक दरवन्दीको संख्या र श्रेणी यकिन गर्ने ।
२. आयोजनाको गत आर्थिक वर्षको वित्तीय तथा भौतिक लक्ष्य र प्रगति विवरण खुलाउने ।
३. अस्थायी दरवन्दी प्रस्ताव गर्दा चालु आर्थिक बर्षको बजेटबाट स्रोतको सुनिश्चितता भएको हुनुपर्ने ।
४. चालु आर्थिक बर्ष भित्र सम्पन्न हुने आयोजनाहरुमा अस्थायी दरवन्दी प्रस्ताव गर्दा आयोजना सम्पन्न हुने मितिसम्मको लागि मात्र दरवन्दी प्रस्ताव गर्ने ।
५. कार्यवोझ र कार्यविश्लेषणका आधारमा प्रत्येक पदको कार्यविवरण तयार गर्ने ।
६. स्वीकृत अस्थायी दरवन्दी सिफारिश गर्दा सकेसम्म मौजुदा स्थायी दरवन्दीबाट कर्मचारी व्यवस्थापन गर्ने ।
७. करार सेवाबाट कामकाज गराउनु पर्ने भएमा औचित्य पुष्टयाँइका प्रष्ट आधार सहित खुलाउनु पर्ने ।
८. सम्बन्धित सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरुमा व्यवस्था भए अनुरुपको पदनाम प्रस्ताव गर्ने ।
९. कार्यान्वयनको अन्तिम चरणमा पुगेका आयोजना/परियोजनाहरुको कार्यबोझ विश्लेषण गरी साविकको अस्थाई दरबन्दीमा रहेका अनावश्यक पदहरु कटौति गरी अति आवश्यक पदहरु मात्र प्रस्ताव गर्ने ।
१०. सकेसम्म थप दरवन्दी प्रस्ताव नगर्ने। गर्नु पर्ने भएमा संचालित आयोजनाको साविकको कार्यक्षेत्र, हालको कार्यवोझ र बजेटमा भएको परिवर्तनको पुष्टयाई सहित प्रतिवेदन तयार गर्ने।
११. सम्बन्धित विषयगत कानूनद्धारा स्थापित आयोग, बोर्ड, केन्द्र, परिषद्, जस्ता संगठित संस्थाहरु तथा अस्पताल जस्ता आवश्यक सेवा प्रदान गर्ने निकायहरुमा अस्थायी दरबन्दी सिर्जना गर्नुपर्ने भएमा चालु आ.ब. भित्रै सम्बन्धित कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गर्ने गरी अन्तिम पटकका लागि अस्थायी दरबन्दी सिफारिस गर्ने।

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि शाखा - (वेबसाइटमा अपलोड गरि दिनुहुन)
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।

२०८२/०३/१६

चेतनाथ न्यौपाने
शाखा अधिकृत